# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## नौगाड गाउँपालिका
## दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. ५२२

मिति: २०७७/०३/२८

विषय: <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू,
नौगाड गाउँपालिका,
दार्चुला ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च. नं. ५२३

मिति: २०७७।३।२८

श्री अध्यक्षज्यू,
नौगाड गाउँपालिका,
दार्चुला ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ४ करोड १८ लाख ११ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९९ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ६३ लाख ७७ हजार र पेश्की बाँकी रु. ४९ लाख ३१ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।५।२७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले गाउँपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२८

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**नौगाड गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने नौगाड.गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवाप्रदानगर्नुहो। यो गाउँपालीकाा अर्न्तगत ६ वडारहेको र यो गाउँपालिका सुदुर पश्चिम प्रदेशमा अवस्थित छ ।

१. **स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५.०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | २०९१२१३४२।०० |
| | क) नगद | ०।०० | | २ | **पूँजीगत खर्च** | | १८९२१२०६८।७० |
| | ख) बैंक | | १५४३६६८५।४२ | ३ | **शशर्त फिर्ता** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | **वित्तीय व्यवस्था भुक्तानी** | | ०।०० |
| | क) आन्तरिक राजस्व | | ६१८६२४८।५० | | क) ऋण भुक्तानी | | ०।०० |
| | ख) राजस्व बाँडफाँड संघ | | ४५८५००९८।५२ | | ख) ब्याज भुक्तानी | | ०।०० |
| | ग) राजस्व बाँडफाँड प्रदेश | | | | ग) अन्य भुक्तानी | | |
| | घ) अन्य आय. | | ६९१०३६।१६ | | | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ४ | **लगानी** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | १०,०६,००,०००।०० | | ऋण लगानी | | |
| | ख) सशर्त अनुदान | | १६७४११२६२।०० | | शेयर लगानी | | |
| | ग) समपूरक अनुदान | | १८७६४०००।०० | | अन्य लगानी | | |
| | घ) विशेष अनुदान | | २५०,<br>००,०००।०० | ५ | **धरौटी फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ६ | **कोष खर्च** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | ६७६६०००।०० | ७ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | ०।०० | | | क) नगद मौज्दात | | |
| | ग) समपूरक अनुदान | | ३७८८०००।०० | | ख) बैंक मौज्दात | | ४०९९१९।९० |
| | घ) विशेष अनुदान | | ७५०००००।०० | | कोष खाता | | |
| | अन्य आय स्वास्थ्य प्रदेश | ०।०० | | | चालु खाता | | |
| | अन्य आय शिक्षा प्रदेश | | | | पुँजिगत खाता | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | धरौटी खाता | | २७०००।०० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ०।०० | ०।०० | | | | |
| | क) ऋण प्राप्ति | ०।०० | | | | | |
| | ख) साँवा प्राप्ति | ०।०० | | | | | |
| | ग) ब्याज प्राप्ति | ०।०० | | | | | |
| | घ) अन्य प्राप्ति | | ७५०००।०० | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ०।०० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | ०।०० | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ०।०० | | | | | |
| १० | **धरौटी आय** | | २७०००।०० | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | ०।०० | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | **३९८७७०३३०।६०** | | **जम्मा** | | **३९८७७०३३०।६०** |

| दफा नं. | भौचर, मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमेजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादित गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितत र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् ।<br>➢ नेपाल सार्वजनिक क्षेत्र लेखामानको प्रतिवेदन फारमहरु २०७५।०८।१० मा स्वीकृत भएकोमा सो बमोजिम फारमहरु प्रयोगमा नल्याएको । संचितकोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण म.ले.प.फा.नं. २७० तयार गर्नुपर्नेमा तयार नगरेको ।<br>➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) बमोजिम योजना तर्जुमा गर्दा योजनाको संभाव्यता अध्ययनको आधारमा श्रोतसाधनको पूर्वानुमान, योजनाको प्राथकीकरण कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्नेमा सो बमोजिम कार्यान्वयन तालिका र अनुगमन योजना तयार नगरेको । | |
| २. | **खरिद इकाइः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) अनुसार प्रत्येक सार्वजनिक निकायले खरिद कार्यलाई प्रभावकारी, व्यवस्थित तथा गुणस्तरीय गराउन खरिद इकाईको गठन गर्नुपर्ने व्यवस्था छ । तर यस कार्यालयले खरिद इकाईको गठन गरी खरिद कार्य गरेको पाइएन । तसर्थ खरिद इकाई गठन गरी वार्षिक खरिद कार्य सम्पादन गर्नुपर्दछ । | |
| ३. | **खरिद योजनाः-** सार्वजनिक खरिद नियमावलीको नियम ८(१) अनुसार वार्षिक दशलाखभन्दा बढीको खरिद कार्य गर्दा वार्षिक खरिद योजना तयार गरी दफा (२) बमोजिमको विषयहरु समेत समावेश गर्नुपर्दछ भन्ने व्यवस्था छ । यस कार्यालयले पुँजिगत मालसमान खरिद, पुँजीगत निर्माण, कार्यालय समान खरिद, औषधी खरिद लगायतमा वार्षिक खरिद योजना तयार गरी सो आधारमा कार्यसम्पादन गर्नु पर्नेमा सो प्रकृयाको पालना गरेको छैन । तसर्थ कानूनी प्रकृयाको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ४ | **एकिकृत आर्थिक विवरणः-** आर्थिक विविरणको मौज्दात अन्तर्गत बैङ्क मौज्दातमा रु. ४०९,९१९।९० देखाएको छ । उक्त मौज्दात कार्यालयले २०७६ श्रावण महिनामा प्राप्त गरेको थप निकासा रकम र चेक साटिए पश्चात बाँकी रहेको रकम पाइयो । तर जनता बैङ्कको स्टेटमेन्ट अनुसार आषाढ ३१, २०७६ मा रु.३,३१,६१३।०० र राष्ट्रिय वाणिज्य बैङ्क, खलंगा शाखामा रु.२५,३३,४३०।९१ रहेको देखिन्छ । कार्यालयले विभिन्न शीर्षकको बैङ्क नगदी किताबमा देखिएको मौज्दातलाई आर्थिक विवरणमा देखाई बैङ्कले देखाएको मौज्दातसँगको फरकको बैङ्क हिसाब भिडान विवरण पेश गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन् । बैङ्क नगदी किताबमा सम्पूर्ण गोश्वारा भौचरको प्रविष्टी गर्ने नगरेको विभिन्न महलको जोड जम्मा पनि गर्ने नगरेको कारण आर्थिक विवरण बैङ्क मौज्दातमा देखाउनु पर्ने मौज्दात नदेखिएको साथै व्यय तर्फ देखाएको खर्च रु. ३९८३३४१०।७० पनि सही र यथार्थ हो भनी एकिन गर्न सकिएन । | |
| ५. | **आर्थिक विवरणको शुद्धता** : यस कार्यालयले पेश गरेको आर्थिक विवरण तथा फाँटबारी अनुसार वित्तिय समानीकरण चालु शिर्षकमा रु. ४ करोड ६१ लाख ३७ हजार ६९८ बजेट खर्च पेश गरेको छ भने बैङ्क नगदी किताबमा ४ करोड १४ लाख ४७ हजार ८३१।८० चढाएको विवरण पेश भएकोले बैङ्क नगदी किताबमा भन्दा खर्चको फाँटबारी तथा प्रेशित आर्थिक विवरणमा रु. ४६ लाख ८९ हजार ८६७ बढी देखिएको सन्दर्भमा विविरण यकिन नभई भिड्न नसकेकोले हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु | ४६,८९,८६७।०० |

| | | |
|---|---|---|
| ६. | **पेश्की असूल गर्नुपर्ने**: सावजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५)मा उपभोक्ता समितिलाई संझौता रकमको बढीमा एकतिहाई रकमसम्मको अग्रिमरुपमा पेश्की दिन सकिने र त्यसरी दिएको पेश्कीको अन्तिम किस्ता भुक्तानी गर्नु अघि फछ्र्यौट गरिसक्नुपर्ने उल्लेख छ । गाउँपालिकाले उपभोक्ता समितिलाई एकतिहाई रकमभन्दा बढी पेश्की दिएको, पेश्की खाता नराखेको, एउटा बजेट शीर्षकबाट लिएको पेश्की अर्को बजेट शिर्षकमा फछ्र्यौट गरेको, बैंक ग्यारेण्टी नलिई पेश्की दिएको, कोटेशन मार्फत काम गराउँदा समेत पेश्की दिएको वर्षको अन्त्यसम्म बाँकी निम्न पेश्की रकमको बैङ्क ग्यारेन्टी म्याद समाप्त भैसकेको, पचास प्रतिशतसम्म पनि निर्माण कार्य नगर्ने ठेक्काको म्याद थप नगर्ने कार्यपालिकाको निर्णय भएको र आर्थिक वर्षको अन्तसम्म पनि पेश्की फछ्र्यौट नगर्नु लेखा तथा कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त बाँकी पेश्कीको व्याज सहित असूल गर्नुपर्छ रु.<br><br>**योजना** / **निर्माण व्यवसायी** / **पेश्की रु.**<br>सुकेखोला पनढुङ्गा / सोनी निर्माण सेवा / ८,००,०००।००<br>गाउँपालिकाको घेरपर्खाल निर्माण / खम्पोचे निर्माण सेवा / ११,३१,९३५।००<br>खार लाटामाण्डौ कृषि सडक / सुरज कन्सट्रक्शन / १५,१२,५००।००<br>होपरी सिप्टि सडक मर्मत / सुरज कन्सट्रक्शन / १४,८७,०००।००<br>**जम्मा** / **४९,३१,४३५।००** | ४९,३१,४३५।०० |
| ७. | **गुणस्तर परिक्षण** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसमान सम्झौतामाा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट ठेक्का मार्फत र उपभोक्ता समितिमार्फत गराएको निर्माण निर्माण काममा प्रयोग हुने निर्माण सामग्री ढुङ्गा, गिटी, तार, फलाम, तारजालीको ल्याव परीक्षण गराएको छैन् । यसले सम्पन्न निर्माण कार्यको गुणस्तर कमजोर देखिन्छ । निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी प्रयोगमा ल्याउन कार्यालयको ध्यान जानुपर्छ । | |
| ८. | **हेभी मेशीन प्रयोग**:- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)मा उपभेक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा रोलर, एक्साभेटर, गेजर जस्ता हेभीमेशीनको लागत अनुमान तयार गर्दाको समयमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको हुनुपर्ने उल्लेख छ । सुकखोला पनढुङ्गा सडक निर्माण र होपरी सिप्ट तपोवन सडक निर्माणमा उपभोक्ता समितिले एक्साभेटर, गेजर प्रयोग गरेको पाइयो । हेभी मेशिन प्रयोग गर्दा नियममा भएको व्यवस्थानुसार सहमति लिएको छैन । उक्त दुई सडकको ट्र्याक खोल्ने काममा होपरीसिप्टि तपोवन सडकमा रु. ५५,४०,०००। र सुकेखोला पानढुङ्गा सडकमा रु. ६२,३३,०००। हेभीमेशिन प्रयोगको भुक्तानी भएको छ । नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा हेभी मेशिनको प्रयोगलाई निरुत्साहित गरी श्रममुलक निर्माण कार्यलाई प्राथमिकता दिनुपर्छ । | |
| ९. | **उपभोक्ता समितिलाई एक करोड भन्दा बढीको काम**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) र (१क) मा एक करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ । होपरी सिप्टि तपोवन कृषि सडक उपभोक्ता समितिलाई रु. १,०८,१८,४५२। भुक्तानी गरेको पाइयो । उक्त कृषि सडक निर्माणको लागत अनुमान रु. १,१०,४०,७०७८२ को तयार गरेको छ । एक करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने नियममा व्यवस्था भएकोमा रु. १,१०,४०,७०८८२ लागत अनुमान तयार गरी रु. १,०८,१८,४५२। भुक्तानी भएकोले नियमसम्मत नदेखिएको रु. | १,०८,१८,४५२।० |

| | | |
|---|---|---|
| १०. | **चेनेजको ठाउँ नखुलाएको** :काम नदोहोरिने गरी निर्माण काम गराउनुपर्दछ। कार्यालयले एउटै सडक खण्डमा उपभोक्तासमितिबाट र निर्माण व्यवसायीमार्फत गराएकोमा चेनेज नम्बर एउटै उल्लेख छ ठाउँ खुलाएको छैन । उदाहरणको लागि एउटै बाटो होपरीसिप्टि तपोवन सडकमाा ट्रयाक खोल्ने काम निर्माण व्यवसायी माल्लिकार्जुनबाट ० चेनेजदेखि २८२० सम्मको काम भएको छ भने सोही काम उपभोक्ता समितिबाट चेनेज नं. ० देखि २४५० सम्मको कामको मूल्याङ्कन गरेको पाइयो । त्यस्तै सुकेखोला पानढुङ्गा कृषि सडकमा निर्माण व्यवसायी सोनी निर्माण सेवाबाट चेनेज ० देखि २७०० सम्मको काम गरेको उल्लेख गरेकोमा सोही सडकको चेनेज ० देखि २२२० सम्म उपभोक्ता समितिमार्फत काम भएको मूल्याङ्कन भएको छ । यसरी ठाउँ नखुलाउदा एउटै चेनेजमा काम देहोरिएको देखिएको छ । सो सम्बन्धमा एकीन गरी दोहोरिएको कामको रकम असूल गर्नुपर्छ । | |
| ११ | **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९(क) अनुसार मूल्य अभिबृद्धि कर बिजकको भुक्तानी गर्दा १.५ प्रतिशतका दरले करकट्टि गर्नुपर्ने उल्लेख छ । महिला तथा बालबालिका तालिमकेन्द्र निर्माणको प्रथम रनिङ बिलको रकम सोनी निर्माण सेवालाई भौ.नं. ५४० बाट रु. ३८,७४,६७२। (भ्याट बाहेक) भुक्तानी गरेकोमा सो को १.५ प्रतिशत रु. ५८,१२०। करकट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरेकोले राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | ५८,१२०।०० |
| १२. | **संचित कोष फिर्ताः**- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७४।७५ च.नं. १०६४ मिति २०७५।०३।३१ को पत्रानुसार सशर्त अनुदानको रकममध्ये खर्च नभई बाँकी रहेमा संघीय संचितकोषमा फिर्ता गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले सशर्त अनुदानतर्फको खर्च नभई बाँकी रकम स्वास्थ्यको रु. १५,५९,०४५।, कृषिको रु. ३,२५,५८०। र सामुदायिक पूर्वाधार विकास तर्फको रु. ३,१०,७६७। समेत जम्मा रु. २१,८५,३९२। संघीय संचितकोषमा फिर्ता गर्नुपर्नेमा नगरेकोले संचितकोष दाखिलाको प्रमाण पेश गर्नुपर्न रु. | २१,८५,३९२।०० |
| १३. | **राजस्व अभिलेखः** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखका हुने व्यवस्था छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ । गाउँपालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । नगदी रसिद मार्फत नगद राजस्व असूल गरेको छ । नगदी रसिदको ठेली आम्दानी , खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राख्नुपर्नेमा राखेको छैन । दैनिक असूली खाता म.ले.प.फा.नं. १०८ र बैङ्क जम्मा गर्ने खाता म.ले.प.फा.नं.२३ राखेको छैन । पालिका अन्तर्गत छ वटा वडा रहेकोमा वडाले प्रयोग गरेको नगदी रसिद भिडान गर्दा केहि रसिद ठेली पालिकाबाट बुझेको र केही रसिद ठेली सोझै बजारबाट खरिद गरी सो को अभिलेख नराखी प्रयोग गरेको छ । एउटै नम्बरका रसिद ठेली १० वटा सम्म प्रयोग गरेको छ । उदाहरणको लागि वडा नं. ४ ले र.न. १देखि १०० सम्मको ३ वटा ठेली प्रयोग गरेको छ । वडा नं. ३ ले र.नं. १ देखि १०० सम्मको २ वटा ठेली र ८०१ देखि ८५० सम्मको २ वटा ठेली प्रयोग गरेको छ । वडा नं. ६ ले र.नं. १ देखि १०० सम्मका १० ठेली प्रयोग गरेको छ । रसिदको सिलसिलेवार नम्बर मिल्दैन गाउँपालिकाले आफ्नो राजस्व आम्दानी समेत रसिदको सिसिलेवार नम्बर मिलाई प्रयोग गरेको छैन । त्यसैले राजश्व असुली तथा दाखिला सम्बन्धमा यकिन गर्नु पर्दछ । | |
| १४ | **बिना प्रतिस्पर्धा खरिद** :- प्रतिस्पर्धा बेगर खरिद गरेको व्यहोरा निम्न अनुसार छ ।<br><br>**(क**) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा खरिद गर्न नमिल्ने साथै नियम ३१ मा बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । नियमानुसार खरिद योजना बनाई सिलबन्दी दरभाउपत्र, बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको पाइयो । कार्यपालिकाको मिति २०७५।०९।०२ को निर्णयबाट केहि निर्माण व्यवसायिको | |

सोझै भुक्तानी गर्ने कार्य अनुमोदन भएको छ । तर निम्न निर्माण व्यवसायिलाई सोझै प्रकृयाद्वारा काम गराइएको भुक्तानी रकम १७,१२,४२५।१२ अनुमोदन गरिएको पाइएन । खरिद कार्य गर्दा नियमको पालना हुनुपर्छ । प्रतिस्पर्धा नगराई पटक पटक सोझै गराई निम्नानुसार रु. १७,१२,४२५।१२ भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

१७,१२,४२५।१२

| भौ.नं./मिति | निर्माण व्यवसायी | कामको विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| ४२८/२०७६।०२।२१ | पाल कन्स्ट्रक्सन | धुलिगडा दल्लेख सडक मर्मत | ४,२५,८१९।६२ |
| ४२५/२०७६।०२।२१ | क्रमिक सप्लायर्स | धुलिगडा दल्लेख सडक मर्मत | ४,८३,८७२।७८ |
| ४२/२०७५।०७।२९ | गौरी कैलाश तालबन्द नि.से. | धुलिगडा दल्लेख सडक मर्मत | ३,७१,५११।०० |
| ४४/२०७५।०७।२९ | कैलाश ट्रेडर्स एण्ड सप्लायर्स | धुलिगडा दल्लेख सडक मर्मत | ४,३१,२२१।७२ |
| **जम्मा** | | | १७,१२,४२५।१२ |

**(ख)**गाउँपालिकाको मिति २०७५।११।१५ को निर्णयअनुसार सडक र सबै वडामा विद्युतीकरणको लागि डिपिआर तयार गर्ने निर्णय गरेको छ । उक्त कार्य नियमानुसार बोलपत्रको माध्यमबाट परामर्श सेवा खरिद गर्नु पर्नेमा सोझै गराई रु ४३,६८,५४१।९७ भुक्तानी गरेको छ । कार्यपालिकाको निर्णय अनुसार डिपिआर तयार गर्ने काम गराएको भएतापनि प्रतिस्पर्धा सिमित हुने गरी सोझै परामर्श सेवा खरिद गर्नु कानून सम्मत नदेखिएकोरु.

४३,६८,५४१।९७

| गो.भौ.नं./मिति | परामर्शदाता | भुक्तानी रु. |
|---|---|---|
| ४५३/२०७६।०३।१८ | नोभा मल्टि सर्भिसेज प्रा.लि. | ४,९६,२९९।०० |
| ४५२/२०७६।०३।१८ | माइनिङ कन्सल्ट प्रा.लि. | ४,९८,८९५।०० |
| ४४६/२०७६।०३।१९ | आरन इन्जिनियरिङ प्रा.लि. | ४,९५,३९२।०० |
| ४४७/२०७६।०३।१८ | एक्सन एण्ड इनोभेसन फर इन्जिनियरिङ सोलुसन प्रा.लि. | १२,३७,१२४।०० |
| ४४८/२०७६०३।१९ | ओम पावर कन्सल्ट | ४,९७,२००।०० |
| ४५१/२०७६।०३।१८ | चेतन इन्जिनियरिङ सर्भिसेज प्रा.लि. | ४,९६,०१४।०० |
| ५३७/२०७६।०३।१८ | पि. डि. एस. पी. कन्सल्टेन्सी | ६,४७,६१७।९७ |
| **जम्मा** | | **४३,६८,५४१।९७** |

१५ **मूल्य अभिवृद्धि कर :**मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले प्रापकलाई रीतिपूर्वकको ढाँचामा करविजक दिनुपर्ने व्यवस्था छ । कर विजकमा दर्ता नम्बर उल्लेख नभएको, नम्बर हातले लेखेको, कर बिजकको आधारमा मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गरेको पाइयो । यसले मूल्य अभिवृद्धि कर बैङ्क दाखिला नहुने जोखिम रहेकोले रीतिपूर्वकको ढाँचामा करविजक हुनुपर्छ । निम्न सप्लायर्स तथा निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गरेकोमा निम्नानुसार कैफियत देखिएकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्छ अन्यथा असूल हुनुपर्छ रु.

१५,२७,७८७।०६

| भै.नं./मिति | सप्लायर्स/निर्माण व्यवसायी | बिल मूल्य रु. | मूल्य अभिवृद्धि कर रु. | कैफियत |
|---|---|---|---|---|
| ५४०/०७६।३।३१ | सोनि निर्माण सेवा | ३८,७४,६७२।०० | ५०३७०७।०० | बिजक नम्बर हातले लेखेको |
| ५३९/०७६।३।३१ | सोनि निर्माण सेवा | ७,४३,७१७७१।०० | ९६,६८३।३० | बिजक नम्बर हातले लेखेको |
| ५४९/०७६।३।३१ | जगृति माल्लीकार्जुन | ५९,६४,८३८।७५ | ७७५४२९।०० | बिजक नम्बर हातले लेखेको |
| ५२६/०७६।३।२२ | सोनि निर्माण सेवा | १०००००।०० | १३०००।०० | बिजक नम्बर हातले लेखेको |
| ५३५/०७६।३।२७ | देवहरी ट्रेडर्स | ६,९९,२८०।०० | ९०,९०६।४० | बिजक नम्बर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | एण्ड सप्लायर्स | | | हातले लेखेको | |
| | ५४२/०७६।३।०३ | सोनि निर्माण सेवा | ३,६९,७००।०० | ४८,०६१।०० | बिजक नम्बर हातले लेखेको | |
| | **जम्मा** | | | **१५,२७,७८७।०६** | | |
| १६. | **स्वास्थ्य(३७०८०६३) तर्फः-**<br><br>को.ले.नि.का.दार्चुलाबाट पारित तलवी प्रतिवेदन अनुसार हेल्थ असिष्टेन्ट पाँचौ तहका दिनेश कुमार भण्डारीको श्रावण २०७५ देखि वैशाख २०७६ सम्म ४ ग्रेड पाउने र जेष्ठबाट दुई ग्रेड वृद्धि पाउनेमा २०७५ श्रावणदेखि नै २ ग्रेड बृद्धि दिएकोले बढी बृद्धि दिएको १ ग्रेडको दर रु. ७८३ को १३ महिनाले रु. १०१७९। र अनमि स. चौथौ सावित्री चौधरीको ग्रेड श्रावण २०७५ देखि २०७५ फल्गुणसम्म १ ग्रेड र चैत्र महिनाबाट २ ग्रेड पाउनेमा श्रावण महिनाबाट नै २ ग्रेड बृद्धि दिएकोले बढी बृद्धि दिएको १ ग्रेडको दर रु. ७३९। ले दशै खर्च समेत १३ महिनाको रु. ९,६०७। गरी दुवैजनाको असूल गर्नु पर्ने रु. | | | | | १९,७८६।०० |
| १७. | **ग्रमिण जलस्रोत परियोजना पूजिगत(३६५८०५४) :-**<br><br>**७/२०७५।०६।२३ः-** कार्यालय र धांगलिग रुइसानी खानेपानी तथा सरसफाई उपभोक्ता समितिबीच २०७३।०१।२१ म भएको सम्झौतामा सम्झौता रकम रु.२८,१५,५११।५९ उल्लेख छ । उक्त योजनाको कार्य सम्पन्न पश्चात कार्यालयबाट भुक्तानी दिँदा सम्झौता अनुसारको रकम भुक्तानी दिनुपर्नेमा रु.२८,९१,०५६।००भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी दिएको रु. ७५,५४४।४१ सम्वन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु | | | | | ७५,५४४।०० |
| १८. | **प्रधानमन्त्री रोजगार कार्यक्रम(३७११०८३):-**<br><br>**०५/२०७६।०२।०५ः**- आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा जिन्सी मालसामान सात दिन भित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा दिपेश आपूर्ति सोलुसन धनगढीबाट खरिद भएको कर्टेज टोनर, किवोर्ड लगायतको सामानको मूल्य रु. १,०४,०००। र दिनेश इन्फेसिस धनगढीबाट रु.२,०५,१००। मा खरिद भएको ल्यापटप, प्रिन्टर, क्यामरा स्टोरमा दाखिला भएको नपाइएको रु | | | | | २०५,१००।०० |
| १९ | **झोलुङ्गे पुल(३६५८०९४):-**<br><br>**क) ५/२०७५।१२।१०:-** साविक जिल्ला विकास समिति दार्चुला र खेडा झोलुङ्गे पुल उपभोक्ता समिति बीच २०७३।२८ मा रु. ६२,४०,२९०।०८ मा १२ महिना अवधिमा सम्पन्न हुनुपर्ने गरी सम्झौता भएकोमा यस गाउँपालिकामा सरि आएकोमा अन्तिम किस्ता भुक्तानी भएको छ । अन्तिम किस्ताको रु. १८,१५,५३९। भुक्तानी २०७५।१२।१० मा भएकोमा म्याद थप भएको देखिएन । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६३ को नियममा ५ प्रतिशत धरौटी कट्टा गरी भुक्तानी दिनुपर्नेमा कट्टा नगरी दिएको रु. ९०,७७७।०० नियमसंगत देखिएन् । साथै सम्झौतामा उपभोक्ताको योग्दान रु. १,२४,८०५।८० रहने उल्लेख भएकोमा सो कट्टा नगरी भुक्तानी दिएकोले बढी भुक्तानी दिएको उक्त रकम असूल हुनुपर्ने रु<br><br>**ख) ७/२०७५।१२।२९ः-** साबिक जिल्ला प्राविधिक कार्यालय, दार्चुला र गाडपारी ट्रस वृज र मिराड ट्रस वृज निर्माणका लागि आवश्यक सामग्री खरिदका लागि मालिका इन्जिनियरिङ एण्ड मेकानिकल वर्क्स प्रा.लि. धनगढी कैलालीसँग २०७४।०७५ मा रु. १७,२२,६१२।८२ मा सम्झौता भई यस गाउँपालिकामा सरी आएको ठेक्का सम्झौताको भुक्तानी भएको छ । सामान आपूर्तिकर्ता र जिल्ला प्राविधिक कार्यालयबीच भएको सम्झौता भने संलग्न भएको देखिएन । सामान निरीक्षण प्रतिवेदनमा कार्यालयको प्राविधिक कर्मचारीको दस्तखत नदेखिएकोले कार्यालयबाट सामानको निरीक्षण गरेको देखिएन् । साथै सम्झौताको प्रति फाइल साथसंलग्न | | | | | १,२४,८०५।०० |

<table>
<tr><td></td><td>नदेखिएकोले सामान ढिला आपूर्ति गरेकोमा हर्जाना के कति लाग्ने एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२०.</td><td>इन्धनः- कार्यालये सवारी साधनको लगबुकको आधारमा सवारीसाधनको इन्धन प्रयोजन सोको किलोमिटर, खपतको अवस्था स्पष्ट हुने गरी इन्धनको खर्च लेख्नुपर्दछ । यसरी इन्धनमा खर्च लेख्दा कुपन विधी प्रयोग गरी सो कुपनको प्रयोगको आधारमा मात्रै आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्दछ । यस कार्यलयमा सरकारी सवारी साधनको रुपमा ३ वटा मोटरसाइकल,हाइड्रोलिक एक्साभेटर,एक जेनेरेटर  रहेकोमा वार्षिक इन्धनको खपत ७ लाख १६ हजार ५५० देखाएको छ । पटक पटक गरी वालिचन आयल स्टोर दार्चुलालाई इन्धनको भुक्तानी खर्च लेखेकोमा लगबुक, कुपन प्रणाली लगायतका प्रकृयाहरु अपनाएको देखिएको छैन । यसरी खर्च गर्नले प्रयोग भएको  सामानको सदुपयोगको स्थिति कस्तो रह्यो भन्नेमा आस्वस्थता हुने आधार देखिएन । तसर्थ व्यवस्थित, प्रकृयावद्ध तथा औचित्यपूर्ण तवरले इन्धनमा खर्च लेख्ने प्रणालीको थालनी गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>मर्मतः- आर्थिक प्रशासन समबन्धी नियमावली बमोजिम मालसामानहरुको मर्मत गर्नुभन्दा पहिले मर्मत सम्बन्धी लागत अनुमान तयार गर्ने, मर्मत आदेश लिने, सम्बन्धित फर्महरुबाट मर्मत सम्बन्धी कोटेशनलिई मर्मत कार्य गर्नु पर्दछ । यस कार्यलयले विभिन्न शिर्षकहरुमा कार्यालयको जि. सि. भि., मोटरसाइकल, ट्रान्सफरमर तथा कम्प्यूटर मर्मत गर्दा पटक पटक विभिन्न फर्महरुलाई गरी जम्मा रु. ६ लाख ३६ हजार ७३८ खर्चको भुक्तानी गरेको छ। यसरी खर्चको भुक्तानी लेख्दा मर्मत अभिलेख, मर्मत आदेश, मर्मत इष्टिमेट तयार गरको छैन । कम्प्यूटर मर्मतमा पटक पटक खर्च लेख्दा कतिवटा कम्प्यूटर, कहिले मर्मत गरेको हो भन्ने उल्लेख गरेको छैन । तसर्थ कानूनी व्यवस्थाको पालना गरी कार्यसंचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td>ढुवानीः- कार्यालयको कार्यसंचलन पद्धति प्रकृयावद्ध र व्यवस्थित हुन जरुरी छ । यस कार्यालयले पटक पटक कार्यालय मालसामाान ढुवानी, औषधी ढुवानी गर्दा गाडी रिजर्भ लगायतको खर्चमा रु. ६,१५,००० खर्च गरेको पाइयो । यसरी ढुवानी गर्ने गरी सवारी साधनको रिजर्भवापत खर्च लेख्दा सवारीधनीसंग संझौता गरी प्रतिदिनको आधारमा खर्च लेख्ने  व्यवस्था गर्नुपर्नेमा कतिपय ढुवानीको भुक्तानी गर्दा संझौता नै गरेको छैन । कति मालसामान, कति परिमाणमा ढुवानी गरेको हो भनी खुल्ने प्रमाण समेत संलग्न छैन । सिधै ढुवानी गरेको भनी खर्च लेख्ने खरिद भएका, हस्तान्तरण भएका सामान नखुलाएको समेत स्थिती छ । तसर्थ स्पष्ट प्रमाण तथा कागजातको आधारमा मात्रै ढुवानी व्यवस्थापन गरी खर्च लेख्ने परिपाटीको थालनी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>औषधी खरिदः- कार्यालयवाट आफ्नो इलाकाभित्र आवश्यक पर्ने औषधी खरिद गर्दा आवश्यकता पहिचान गरी प्रत्येक  स्वास्थ्य चौकी अन्तगर्तको  माग पहिचान गरी खरिद गर्नुपर्दछ । कार्यालयले पटक पटक औषधी खरिद गरी विभिन्न आपूर्तकलाई ७०,२१,६७६। भुक्तानी गरेकोमा माग पहिचान नगरेको, औषधी स्वास्थ्य चौकीमा पठाएको, स्वास्थ्य चौकीबाट कति खपत भयो, कहाँ कहाँ प्रयोग भयो भन्ने एकिन विवरण खुल्न आएन । रु. २० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्र प्रकृया समेत अपनाएको देखिएन । यसैगरी औषधी उपयोग भएको विवरण देखिने माग फारम, दाखिला प्रतिवेदन, हस्तान्तरण फाराम, स्वास्थ्य चौकीको औषधी उपयोग गरेको प्रमाण कागजपत्र पेश हुन आएन । यसरी खर्च लेख्नाले औषधीको सदुपयोग एवं आवश्यकताको आधारमा उपयोग हुन सक्यो भन्नेमा आस्वस्थ हुन सकिएन ।</td><td></td></tr>
<tr><td>२४.</td><td>शिर्षक फरकबाट खरिदः- गाउँपालिकाले परिषद्बाट निर्धारित तथा बिनियोनित निर्दिष्ट बजेट शिर्षकबाट मात्रै तोकिएको खर्च  शिर्षकमा भुक्तानी खर्च लेख्नुपर्ने व्यवस्था छ । यो वर्ष वार्षिक बजेट विनियाजन भन्दा बाहिर रहेर फरक शिर्षकबाट निम्नानुसार खर्च गरेकोले उक्त खर्चको सन्दर्भमा अनियमित देखिएकोले खर्च समर्थन गरेको प्रमाण पेश हुनु पर्ने रु.<br>
<table>
<tr><th>भौ.नं./मिति</th><th>खर्च लेख्नुपर्ने शिर्षक</th><th>खर्च गरेको शीर्षक</th><th>रकम</th></tr>
<tr><td>१३/२०७५।०८।१६</td><td>भाडा र ढुवानी</td><td>विविध</td><td>१०८,०००।००</td></tr>
</table></td><td>८,५८,०३६।००</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २८/२०७५।०७।१५ | बैठक भत्ता | विविध | ४२,४००।०० |
| ७१/२०७५।१०।२९ | दै.भ.भ. | विविध | ९१,६६०।०० |
| ७१/२०७५।१०।२९ | मोवाइल | विविध | ३६,२००।०० |
| ७८/२०७५।१०।२७ | इन्धन | विविध | ७५,१२३।०० |
| १४३/२०७६।०१।१५ | कन्टिन्जेन्सी | विविध | ६३,०८७।०० |
| १४२/२०७६।०१।१३ | भाडा | विविध | १६,२२०।०० |
| १५८/२०७६।०१।११ | कार्पेट | विविध | ३,८८,१५४।०० |
| २१३/२०७६।०३।२१ | कार्यालय सामान/ स्टेशनरी | विविध | ३७,१९२।०० |
| **जम्मा** | | | **८,५८,०३६।००** |

| | | |
|---|---|---|
| २५. | **करार कर्मचारी** :-यस गाउँपालिकाले कर्मचारी आवश्यकता पहिचानको आधारमा सेवा प्रवाह र जनशक्तिको आवश्यकताको विश्लेषण गरी संगठन तथा व्यवस्थापन (O And M) सर्भे गरी पद श्रृजनाको माध्यमबाट औचित्य र आवश्यकताको आधारमा प्रतिस्पर्धा कायम गर्न विज्ञापनको माध्यमबाट करारमा कर्मचारी राख्नुपर्नेमा सोझै अन्तरवार्ताको माध्यमबाट ८२ को संख्यामा करारमा संझौता गरी कर्मचारीमा रु. १ करोड ५९ लाख ८७ हजार ४३९ खर्च लेखेको पाइयो । यसरी विज्ञापन नै नगरी सोझै पदपूर्ति गर्नाले रोजगार बजार साँघोरो हुँदा सक्षम र गुणस्तरीय जनशक्ति प्राप्त नहुने, रोजगारीको लागि समान प्रतिस्पर्धाको वातावरण बन्द भएको, आवश्यकता पहिचान बेगर भर्ना गर्दा अतिरिक्त वित्तिय व्ययभार सृजना भएको, सेवाको विश्लेषण बेगर भर्ना गर्दा हचुवा नियुक्ति प्रणाली देखिएकोले यसरी भएको प्रकृयामा नियमितता ल्याई आवश्यकताको सिद्धान्तको आधारमा प्रतिस्पर्धा कायम गरी करार सेवा संझौता गर्नु पर्दछ । | |
| २६. | **करार शिक्षक** :-गाउँपालिकाले विज्ञापन आव्हान गरी प्रतिस्पर्धाको माध्यमबाट करार व्यवस्थापनमा शिक्षक भर्ना गर्ने पद्धति बसाल्नु पर्नेमा यस पालिकाले गाउँपालिकाको अनुदानतर्फबाट विद्यालयको खातामा करार शिक्षक भर्ना गर्न रु. ५८ लाख ८५ हजार खर्च लेखेको पाइयो । तर विद्यालय व्यवस्थापन समितिले पहिल्यै निजी श्रोतबाट भर्ना गरिएका पूराना शिक्षकलाई नै निरन्तरता दिएको पाइयो । शिक्षक अनुदान उपलब्ध गराउदा आवश्यकता र औचित्यको विश्लेषण गरी विद्यार्थी संख्या, शिक्षकको आवश्यकता निजी श्रोतको उपलब्धता हुने स्थितिलाई विचार गरी अनुदान उपलब्ध गराएको पाइएन । तसर्थ सरकारी रकम अनुदान लेख्दा सकभर प्रतिस्पर्धात्मक वातावरण कायम गरी भर्ना प्रणाली स्थापित गरेर मात्रै अनुदान उपलब्ध गराउने तर्फ यस गाउँपलिकाको ध्यान जानु पर्दछ । | |
| २७ | **सट्टा शिक्षक :** बिगतमा लटिनाथ आधारभुत विद्यालय खारमा कार्यरत सट्टा शिक्षक नरेन्द्र सिह नगरीले २०७५ श्रावण देखि माघसम्म सट्टा शिक्षकको अवकाश रकमवापत रु. ११८१०। को आधारमा ७ महिनाको ८२६७०।भ भुक्तानी लिएकोले हाल स्थायी शिक्षकको रुपमा राष्ट्रिय मा.वि.दत्तुमा कार्यरत स्थायी दरबन्दीमा रहेकोले उक्त अवधिमा अवकाश रकम असूल गर्नुपर्ने रु. | ८२६७०।०० |
| २८ | **२४/२०७६।०१।२५**:नौगाड गाउँपालिकामा स्रोत व्यक्तिको रुपमा कार्यरत शिक्षक पदमराज भट्टको मिति२०७६।०१।१८ मा मालिकार्जुन मा.वि. मडमा रमाना भएको तर रमानापत्रम चैत्र सम्मको मात्रै तलव भत्ता भुक्तानी भएको व्यहोरा उल्लेख गरी बैशाख महिनाको तलव भत्ता दोहोरो बुझेको पाइएकोले उक्त दोहोरो तलव, भत्ता लगायतको सुविधा असूलउपर हुनुपर्ने रु. | ५४४३७।०० |
| २९ | **प्रगति प्रतिवेदन/ अनुगमन नभएको :** कार्यालयले निम्न भौ.नं. मितिमा विभिन्न विद्यालयहरुलाई शसर्त अनुदानको विभिन्न रकम उपलब्ध गराएकोमा ति निद्यालयहरुबाट कामको प्रगति विवरण/कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले प्रमाण पेश नभएकोले प्रमाण पेश गरी नियमित गर्ने रु. | ३५०००००।०० |

| **भौ.नं./मिति** | **विद्यालय** | **रकम** |
|---|---|---|

| | | |
|---|---|---|
| १५०/०७६।०१।१९ | जलदेवी आ.वि.घट्टकसाड | ५०,०००।०० |
| १५०/०७६।०१।१९ | शिखर बालबिकास केन्द्र | ५०,०००।०० |
| १५७/०७६।०१।१९ | भूमिराज आ.वि.रैयू | १०००००।०० |
| १५७/०७६।०१।१९ | भूमिराज आ.वि. घैलेटो | २५०००।०० |
| १५७/०७६।०१।१९ | समैजु आ.वि.परिगाउँ | १०००००।०० |
| १५७/०७६।०१।१९ | हिमालय सिद्धनाथ आ.वि.गोडा | २५०००।०० |
| **जम्मा** | | **३,५०,०००।००** |

३०. **कार्यक्रम सञ्चालनः ३२/२०७५।०८।०४** :-कार्यालयको आर्थिक वर्ष २०७५।७६ को सार्वजनिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न यस नौगाड गाउँपालिका कार्यालयले सामुदायिक रेडियो कालापानी एफ.एम.लाई रु.४,५०,०००। भुक्तानी खर्च लेखेको पाइयो । यसरी सेवा खरिद गर्दा लागत अनुमान तयार नगरेको, कुन कुन कार्यक्रम संचालन गर्ने भन्ने योजना नबनाएको, खरिद पकृयामा दरभाउपत्र लिई प्रतिस्पर्धा सिर्जना नगरी सोझै कार्यक्रम संचालन गरेको आधारमा रु ४,५०,०००। भुक्तानी गरेको छ । सामुदायिक रेडियो एफ.एम.सँग संझौता गरेको छैन । पेश भएका वील भर्पाइमा गाडी बुकिङ्गको मात्रै रु. १,११,९८३।०० र खानाको मात्रै ९१,८००।०० खर्च भएको विवरण पेश भएकोले कार्यक्रम संचालनको सान्दार्भिक र प्रभावकारिता अपेक्षित तवरले भएको देखिएन ।

३१. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नौगाड गाउँपालिकाले देहाय बमोजिम रु. ८४,६१,५००। सुविधावापत भुक्तानी भएको छ ।

| सि.नं. | विवरण | अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष ६ जना | कार्यापालिका सदस्य …जना | सभाका सदस्य १९ जना | जम्मा १२ महिनाको |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३६००००। | ३०००००। | १४४००००। | ५७६००० | ११४००००। | ३८,१६,०००। |
| २. | सञ्चार सुबिधा ( मासिक दरमा) | १३२००। | १२०००। | ३६०००। | | | ६१२००। |
| ३. | बैठक भत्ता (बैठक संख्याको आधारमा) | २४०००। | २४०००। | १४४,०००। | १४४०००। | २२८०००। | ५६४०००। |
| ५. | पुस्तक पत्रपत्रिका ( मासिक) | | | | | | २०,०००००। |
| ६. | अनुगमन भत्ता ( मासिक) | | | | | | ४००००००। |
| | **जम्मा** | | | | | | **८४,६१,५००।** |

३२. **डकुमेन्ट्रि निर्माण** :-कार्यालय अन्तरगत कार्यपालिका र वडाहरुको स्रोतको अवसर, सम्भाव्यता, चुनौती र पर्यटकीय, धार्मिक, साँस्कृतिक विवरण समेटिएको डकुमेन्ट्रि निर्माण गर्न भौ.नं. १६२ तथा १६३ बाट टि. भी. टुडेलाई ९ लाख ९९ हजार १३० उपलब्ध गराएको छ । उपलब्ध गराएको रकम मध्ये सिलबन्दी दरभाउपत्र आव्हान नगरी गा.वि.स. र वडाहरुको लागि छुट्टै छुट्टै संझौता गरी कार्यादेश दिएको उपयुक्त देखिएन । गाउँपालिकाको एउटै डकुमेन्ट्रीले सबै वडालाई समेट्ने गरी प्रतिस्पर्धा सिर्जना गरी कार्य गर्दा मितव्ययी, प्रभावकारी तथा समन्वयात्मक वातावरणबाट गर्नुपर्नेमा त्यसमा ध्यान पुऱ्याएको देखिएन । तसर्थ यस्ता अन्तरसम्बन्धित विषयको कार्यसम्पादन गर्दा मितव्ययी हुने तवरले समन्वय गरी कार्यसंचालन गर्ने पद्धति अपनाउनु पर्दछ ।

<table>
<tr>
<td>३३.</td>
<td>
बजेटभन्दा बढी खर्च : यस गाउँपालिकाको वित्तिय समानीकरण अनुदान(राजस्व बाँडफाँड) तर्फको कुल विनियोजित रकम रु. ४ करोड १७ लाख १० हजार ८० भएकोमा निम्नानुसारका बजेट शिर्षकहरुमा पालिकाको विनियोजित सीमा नाघेर गरेको खर्च गाउँसभाबाट अनुमोदन गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>बजेट शिर्षक</th><th>सीमा नाघेको रकम</th></tr>
<tr><td>तलब</td><td>१,१५,२५९।७०</td></tr>
<tr><td>महङ्गि भत्ता</td><td>४४,०००।००</td></tr>
<tr><td>संचार</td><td>६८,७३९।००</td></tr>
<tr><td>घरभाडा/अन्य भाडा</td><td>७१,२९८।००</td></tr>
<tr><td>मर्मत</td><td>१,३६,३७८।००</td></tr>
<tr><td>परामर्श सेवा</td><td>५३,८५,८३९।००</td></tr>
<tr><td>भ्रमण खर्च</td><td>६८,७८३।००</td></tr>
<tr><td>विविध</td><td>१६,००,७४२।००</td></tr>
<tr><td>मसलन्द</td><td>३५,८८७।००</td></tr>
<tr><td>ढुवानी</td><td>१,४३,७००।००</td></tr>
<tr><td>जम्मा</td><td>७६७०६२५।७०</td></tr>
</table>
</td>
<td>७६७०६२५।७०</td>
</tr>
<tr>
<td>३४</td>
<td>
धरौटी कट्टा नगरेको :-सार्वजनिक खरिद नियमावली,२०६४को नियम १२३(१)(४) मा सार्वजनिक निकायले रनिङ विलको भुक्तानी गर्दा रनिङ विलमा उल्लेखित रकमको पाँच प्रतिशत धरौटी वापत कट्टा गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले रनिङ विलको भुक्तानीमा धरौटी कट्टा गरेको पाइएन । निर्माण कार्यबाट हुनसक्ने जोखिम न्यून गर्न निर्माण व्यवसायीलाई भुक्तानी गर्ने रकममा धरौटी कट्टा गर्ने व्यवस्था रहेको देखिन्छ । निम्न निर्माण व्यवसायीलाई रनिङ बिलको भुक्तानीमा धरौटी कट्टा गर्नुपर्नेमा धरौटी कट्टा गरेको नपाइएकोले कानूनसम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी रु.</th><th>धरौटी कट्टा नगरेको रु.</th></tr>
<tr><td>३८७/२०७६।०२।०६</td><td>सोनी निर्माण सेवा</td><td>३९,५१,७७७।००</td><td>१,९७,५८८।००</td></tr>
<tr><td>५४९/२०७६।०३।३१</td><td>माल्लिकार्जुन शिखर जे.भी.</td><td>५९,६४,८३८।७५</td><td>२,९८,२४१।९३</td></tr>
<tr><td>४४४/२०७६।०३।१७</td><td>खम्पाचे निर्माण सेवा</td><td>२३,१०,६४६।६६</td><td>१,१५,५२३।३३</td></tr>
<tr><td>५४४/२०७६।०३।३१</td><td>गोकुलेश्वर निर्माण सेवा</td><td>४७,८४,३००।००</td><td>२,३९,२१५।००</td></tr>
<tr><td>५४१/२०७६।०३।३१</td><td>सुरज कन्सट्रक्शन</td><td>१९,७०,५४७।२५</td><td>९८,५२७।३६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९,४९,०९५।६२</td></tr>
</table>
</td>
<td>९,४९,०९५।६२</td>
</tr>
<tr>
<td>३५.</td>
<td>
महिला तथा बालबालिका लक्षित कार्यक्रम :
(क)दोहोरो भुक्तानी:- गोश्वारा भौचर नम्बर १४, मिति २०७६।०२।२४ गते महिला लक्षित कार्यक्रम संचालन गर्न कौशिला धामीले पेश्की रु. ६६,००० भुक्तानी लिएको र पुँजिगत खर्चबाट भौचर नं. ४७९ बाट सोही कार्यक्रमको भुक्तानी भएको हुँदा दोहोरो भुक्तानी भएको असुल गर्नुपर्ने रु.
(ख) सशर्त अनुदान कृषि अनुदानबाट खर्च बैङ्क नगदी किताब अनुसार ७,९६,४२०। भुक्तानी भएको देखिन्छ । आ.वि. अनुसार १४,८०,४२०। खर्च देखिएकोमा यथार्थ खर्च एकिन गरी छानबिन हुनु पर्ने रु.
</td>
<td>६६,०००।००<br><br>६,८४,०००।००</td>
</tr>
<tr>
<td>३६.</td>
<td>सामाजिक सुरक्षा भत्ता:- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ अनुसार भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र गर्नुपर्ने वा निजको व्यक्तिगत नाममा बैङ्कमा खोलिएको</td>
<td></td>
</tr>
</table>

सामाजिक सुरक्षा विशेष बचत खातामा जम्मा गरिनुपर्ने उल्लेख छ। यस कार्यक्रम अन्तर्गत ६ वटा वडा कार्यालय मध्ये निकसा भएको १,३ र ४ वडा कार्यालयहरुलाई छनौट गरी लेखा परीक्षण गरिएकोमा देहायका व्यहोरा निम्नानुसार छ।

(क) वडा नं. १ कार्यालयको सामाजिक सुरक्षा भत्ता वितरणको परीक्षण गर्दा जेष्ठ नागरिक, अन्य जेष्ठ नागरिक, दलित, विधवा महिला तथा बालबालिकाहरुलाई भत्ता वितरण गर्दा निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसुचि अनुसार भर्पाईको लिस्टमा परिचय पत्र नं., नागरिकता नम्बर, जन्म मिति समेत नखुलाई भुक्तानी गरेको गरेको देखियो। सोही कारणले सहि नाम नामवली भिडान नहुनेगरी भर्पाई तथा मुल अभिलेख तयार गर्दा सम्बन्धित व्यक्तिले भत्ता बुझेको छ या दोहोरो भुक्तानी भएको छ/छैन भन्न सक्ने आधार नभएकोले सम्बन्धित निकायले ध्यान दिनु पर्दछ।

(ख) कार्यालयले आर्थिक वर्षको शुरुमा सेवा ग्राहीको लगत किताव आधावधिक गरिएको पाइएन। सामाजिक सुरक्षा भत्ता खर्च गरी पेश्की फछ्र्यौट गरेको मध्ये निम्न व्यक्तिको दोहोरो भुक्तानी र लगत कपिमा समाबेश नभएकाको पनि भुक्तानी भएको देखिन्छ सो रकम असूल गर्नुपर्दछ बाँकी वडा कार्यालयहरुको पनि कार्यालयले छानबिन गरी सामाजिक सुरक्षा भत्ता खर्च एकिन गर्नु पर्दछ रु.

१,०८,०००।००

| **गो.भौ.नं./मिति** | **वडा नं.** | **सेवाग्राहीको नाम** | **सा.सु.भत्ता** | **कैफियत** |
|---|---|---|---|---|
| १०/०७५।८।३ | १ | चम्फा देवी डडाल(विधवा) | १२,०००।०० | दोहोरो भुक्तानी |
| १०/०७५।८।३ | १ | साउली देवी डडाल(विधवा) | १२,०००।०० | दोहोरो भुक्तानी |
| १२/०७५।१०।२ | ४ | पार्वती देवी धामी(विधवा) | १२,०००।०० | दोहोरो भुक्तानी |
| तेस्रो चौमासिक | ३ | नैन वडाल(जेष्ठ नागरिक) | २४,०००।०० | लगत कपिमा नाम नभएको |
| तेस्रो चौमासिक | ३ | पाना देवी ठगुन्ना(विधवा) | १२,०००।०० | लगत कपिमा नाम नभएका |
| तेस्रो चौमासिक | ३ | विरमा देवी बोहरा(विधवा) | १२,०००।०० | लगत कपिमा नाम नभएका |
| तेस्रो चौमासिक | ३ | नर्मा देवी ठगुन्ना(विधवा) | १२,०००।०० | लगत कपिमा नाम नभएका |
| तेस्रो चौमासिक | ३ | मंगली दवी ठगुन्ना(विधवा) | १२,०००।०० | लगत कपिमा नाम नभएका |
| **जम्मा** | | | **१,०८,०००।००** | |

३७. (क) आन्तरिक लेखापरीक्षबाट औंल्याएको निम्न व्यहोरा लेखापरीक्षण अवधिसम्म सुधार भएको पाइएन।

- सञ्चित कोषमा जम्मा हुने रकमको शीर्षकगत लेखाङ्कन र खर्च खातामा निकासा गर्दा अख्तियारी सहितको निकासा पत्र दिनु पर्नेछ। सो कोषको छुट्टै मास्केबारी तयार गर्नु पर्नेछ।
- गाउँपालिकाको आन्तरिक आयलाई दैनिक रुपमा बैङ्क दाखिला गर्नु पर्नेमा नियमानुसार जम्मा गरेको पाइएन। आज संकलन भएको आम्दानीलाई आजै बैङ्क दाखिला हुनु पर्दछ, यदि आज दाखिला हुन सकेन भने भोली बैङ्क दाखिाला गर्नु पर्दछ। त्यसभन्दा ढिला एक हप्तासम्म कारण उल्लेख गरी जम्मा गर्नु पर्नेहुन्छ। वडास्तरबाट संकलन हुने लगती राजश्व तथा हस्वली राजश्वको अभिलेख वडा कार्यालयहरुमा राख्ने र दैनिक नगद रकमलाई बैङ्क दाखिला हुने प्रबन्ध मिलाउनु पर्ने देखिन्छ। यसरी प्राप्त राजश्वको मासिक प्रतिवेदन वडा कार्यालयबाट लिई राजश्व मिलान गर्नुपर्नेछ। नगदी रसिद नियन्त्रण खाता राख्नु पर्नेछ।
- गाउँपालिकाले खरिद ईकाई गठन गरी वार्षिक खरिद योजना बनाई सबै प्रकारका

| | | | |
|---|---|---|---|
| | | खरिदहरु समेटेर खरिद प्रक्रिया अपनाउनु पर्नेछ ।<br>➢ गाउँपालिकाका कोषमा प्राप्त सबै कार्यक्रमको बजेट शीर्षकहरुको छुट्टाछुट्टै बैङ्क नगदी किताब तथा बजेट खर्च खाता तयार गर्नु पर्ने र मासिक रुपमा जोडजम्मा गरी सोको आधार मासिक फाँटबारी तयार गर्नु पर्नेछ ।<br>➢ पेश्की खर्च लेख्दा लागत अनुदान सहित पे.फ.को तालिका सहितको निवेदन लिइ नियमानुसार पेश्की लेख्नु पर्ने र कार्यक्रमगत पेश्की खाता तयार गरी मासिक पेश्की बाँकीको विवरण तयार गर्नु पर्नेछ ।<br>➢ ठेक्काको बैङ्क ग्यारेन्टीको अभिलेख खाता तयार गर्नु पर्नेछ ।<br>➢ इन्धनको म.ले.प.फा.न २ मा लगबुक अद्यावधिक तयार गर्नु पर्नेछ ।<br>➢ कार्यक्रम भ्रमण वा दै.भ्र.भ. खर्चको भ्रमण अभिलेख खाता तयार गर्नु पर्ने र भ्रमण खर्चसाथ भ्रमण प्रतिवेदन लिनु पर्नेछ ।<br>➢ अग्रिम कर आयकर एन,२०५८ को दफा ८७ देखि दफा ८९ अनुसार कट्टी गर्नु पर्ने र दफा ९० अनुसार दाखिला गर्नु पर्नेछ ।<br>➢ स्थानीय सरकार सञ्चालन ऐन, २०४७ को दफा ७६(२) मा लेखा ढाँचा म.लेप. फारमहरुमा राख्ने व्यवस्था अनुसार अद्यावधिक गर्नु पर्नेछ ।<br>➢ प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै वार्षिक कार्यक्रम र चौमासिक तथा वार्षिक लक्ष्य र प्रगतिको विवरण तयार गर्नु पर्नेछ ।<br>➢ आर्थिक वर्षमा संचालित योजनाहरु मध्ये केकति सम्पन्न भए र केकति क्रमागतमा रहेका छन् र कति योजना उपभोक्ताहरुलाई हस्तान्तरण भए भन्ने थाहा हुन क्षेत्रगत विवरण तयार गर्नु पर्नेछ ।<br>➢ गाउँपालिकाको एउटा छुट्टै धरौटी खाता खोलि नियमानुसार प्राप्त हुने धरौटी रकम तथा कट्टी हुने रकमको श्रेस्ता खडा गर्नु पर्नेछ ।<br>➢ साविकका गा.वि.स.हरुको नाममा रहेको कर्मचारी कल्याण कोष तथा अन्य कोषहरुलाई खारिज गरी सोको हिसाव कितावलाई गाउँपालिकामा हस्तान्तरण गर्नु पर्नेमा हालसम्म बाँकी नै रहेको देखिएकोले यथाशीघ्र लेखा राख्नु पर्नेछ ।<br>➢ साविकका गा.वि.स.हरुको वेरुजूको अवस्था के कस्तो छ । वेरजूको लागत लिइ एकिकृत गरी फछ्र्यौटको व्यवस्था मिलाउनु पर्नेछ ।<br>➢ कतिपय जिन्सी दाखिला गर्ने नगरेकोले सबै प्रकारको खर्च हुने र खर्च नहुने जिन्सी दाखिला गरी जिन्सी आम्दानी बाँध्नु पर्नेछ । स्थिर सम्पतिहरुको लगत खडा गरी खप्ने जिन्सी खाता (म.ले.प.फा.नं.४७ आद्यावधिक गर्नु पर्नेछ । जिन्सी मौज्दात आर्थिक विवरण (म.ले.प.फा.नं.५७)मा तयार गरी जिन्सी निरीक्षक नियुक्त गरेर जिन्सी निरीक्षण फाराम(म.ले.प.फा.नं.४९) मा प्रतिवेदन लिनु पर्ने व्यवस्थालाई कार्यान्वयन गर्नु पर्नेछ ।<br>➢ आयु समाप्त भएका र मर्मतसम्भार गर्न नमिल्ने वा लागत भन्दा मर्मत खर्च महङ्गो पर्ने वा प्रविधि परिवर्तन भै प्रयोग नमिल्ने जस्ता खप्ने जिन्सी सामाग्रीलाई लिलाम प्रक्रिया वा नियममा व्यवस्था भएको अन्य प्रक्रिया अपनाइ अपलेखन गरी जिन्सी दुरुस्त पार्नु पर्ने देखिन्छ ।<br>➢ शीर्षकगत कायएक्रमहरुमा छुट्याइएको कन्टेन्जेन्सी रकम सम्बन्धित योजनामा लागत भित्र जोडी कुल मूल्यांकन हुनु पर्ने र नापी कितावमा समेत उल्लेख गरेको नपाइएकोले तोकेको प्राविधिकबाट नापी किताव अद्यावधिक गर्नुपर्नेछ । | |

<table>
<tr>
<td>३८.</td>
<td>
आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका निम्नानुसारका व्यहोराहरु कायमै छ ।
(क) सामाजिक सुरक्षा पाउनेहरुको औठाछाप भर्पाई गरी रकम बुझेको देखिन्छ । यस दार्चुला जिल्ला पूर्णरुपले साक्षर घोषित भैसकेकोले सम्बन्धितको नाउमा बुझि भर्पाइ गरेको सुरक्षा भत्ता सम्बन्धितकै हो होइन भन्नेमा एकिन हुन सकिने आधार देखिएन भने नेपाल सरकारको नीतिगत, कानूनी व्यवस्था अनुसार सामाजिक सुरक्षा भत्ताको रकम सम्बन्धित लाभग्राहीकै बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोले अनिवार्य बैंक खाता मार्फत भुक्तानी गरी कानूनी प्रकृयाको पालनामा ध्यान दिनुपर्ने देखियो ।
(ख) आर्थिक कार्यविधि नियमावली बमोजिम खरिद वा हस्तान्तरण भई आएको मालसामान प्राप्त भएपछि दाखिला प्रतिवेदनको आधारमा मात्रै खर्चको भुक्तानी गर्नुपर्नेमा निम्नानुसार भौ.नं./मितिमाा मालसामानको खर्च लेख्दा दाखिला प्रतिवेदन पेश हुन नसकेको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>सामान</th><th>रकम</th></tr>
<tr><td>३/२०७६।०२।१५</td><td>छाता झोला</td><td>५५,५७२।००</td></tr>
<tr><td>५/२०७६।०२।१५</td><td>ल्यापटप/प्रिन्टर</td><td>२,१५,५००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२,७१,०७२।००</td></tr>
</table>
</td>
<td>२७१०७२।००</td>
</tr>
<tr>
<td>३९.</td>
<td>
अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>२,०४,४६,५९१।</td><td>१,५७,६७,३७१।००</td><td>४६,७९,२२०।००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४०.</td>
<td>
अद्यावधिक बेरुजु स्थिति : यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजुरु. (D)</th><th>यो वर्षको कायम बेरुजुरु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>४६,७९,२२०।००</td><td></td><td>४,१८,११,०००।००</td><td>४,६४,९०,२२०।००</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।
</td>
<td></td>
</tr>
</table>

अनुसूची १

# नौगाड गाउँपालिकाको बेरुजू वर्गीकरण

## २०७५।७६

(रु.हजारमा)

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | दार्चुला | नौगाड गाउँपालिका | १८ | २० | ४१८११ | - | - | - | १८ | २० | ४१८११ | ५३२ | २६३७७ | ९९७१ | - | - | ३६३४८ | - | ४९३१ | ४९३१ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | नौगाड गाउँपालिका | दार्चुला | १५४३७ | १०७३६६ | २६९७८१ | ६१८६ | **३८३३३३** | २०९१२१ | १८९२१२ | २७ | **३९८३६०** | **४१०** |

अनुसूची- ३

# अध्यावधिक बेरुजु स्थिति

## २०७५।७६

(रु.हजारमा)

| सि. नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्योट | बाँकी | यो वर्ष सं प. बाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | नौगाड गाउँपालिका | दार्चुला | २०४४६ | १५७६७ | ४६७९ | - | ४१८११ | ४६४९० |